# देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०६-२०७९/०८०

मिति २०७९/०८/२२ समयः दिनको ११:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

| | |
|---|---|
| श्री दुर्ग बहादुर राना | (सहायक पाचौं) |

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०८/२२** **वैठक संख्याः ०६-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. IEE स्वीकृत सम्बन्धमा ।
३. योजनाको नाम संशोधन सम्बन्धमा ।
४. सडक मर्मत भुक्तानी सम्बन्धमा ।
५. भूमि वर्गिकरण सम्बन्धमा ।
६. कार्यविधि संशोधन सम्बन्धमा ।
७. आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
८. गाउँपालिका राष्ट्रिय महासंघलाई सदस्यता शुल्क भुक्तानी दिने सम्बन्धमा ।
९. स्थानीय सेवाको गठन सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको अध्यादेश २०७९ सम्बन्धमा ।
१०. गाउँपालिका क्षेत्रमा चोरी निकासी तथा नकारात्मक गतिविधि रोक्ने सम्बन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना स्वीकृत सम्बन्धमा ।
१२. तालिमका लागि सहभागी पठाउने सम्बन्धमा ।
१३. गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा ।
१४. SEE को लागि अतिरिक्त कक्षा सञ्चालन सम्बन्धमा ।
१५. सुत्केरी विदाको अवधिभर शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा ।
१६. "स्थानीय तहका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS) मार्गदर्शन" स्वीकृत गर्ने सम्बन्धमा ।
१७. उपचारको लागि आर्थिक सहयोग सम्बन्धमा ।
१८. साउने-कर्तापि सडकको ठेक्का लगाउने सम्बन्धमा ।
१९. अवकाश भएका कर्मचारीहरुको कल्याण कोषमा जम्मा भएको रकम भुक्तानी सम्बन्धमा ।
२०. सिंच्याङ्ग-सार्वाङ्ग सडक निर्माण आयोजनाको म्याद थप गर्ने सम्बन्धमा ।
२१. नगर प्रहरी पदपूर्तिको बाँकी काम पुरा गरी पदपूर्ति गर्ने सम्बन्धमा ।
२२. नक्शा पास सम्बन्धमा ।
२३. इलाका प्रहरी कार्यालयको गाडी मर्मत गर्ने सम्बन्धमा ।
२४. संगठन संरचना तथा दरबन्दी पुनरावलोकन सिफारिस समिति गठन गर्ने सम्बन्धमा ।
२५. गाउँपालिका क्षेत्रमा दर्ता हुने आस्फाल, रेडिमिक्स दर्ता सम्बन्धमा ।
२६. भौतिक संरचना गाउँपालिकामा सुचिकृत गर्ने सम्बन्धमा ।
२७. वातावरण निरीक्षक सम्बन्धमा ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णयहरु:**

**निर्णय नं. १:** यस अघिका कार्यपालिका वैठकका निर्णयहरु कार्यान्वयन तथा अन्य समसामयिक विषयमा समीक्षा गरियो ।

**निर्णय नं. २:** वडा नं. ५ स्थित त्रिशुली नदी बघईघाट र शालिग्राम करिडोर देवघाट कोटा क्षेत्रमा पर्ने चापखोला र क्यादी खोलामा पर्ने ठाडो खोलाको प्रारम्भिक परीक्षण प्रतिवेदन स्वीकृत गरियो र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमा स्वीकृतिको लागि सिफारिस गरी पठाइदिनको लागि जिल्ला अनुगमन समिति (जिल्ला समन्वय समितिको कार्यालय) मा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:** वडा नं. ५ को योजनाको नाम देउती छरछरे खानेपानी भवन देखि देउती सामुदायिक वन भवनसम्मको अधुरो नाला निर्माण हुनुपर्नेमा अन्यथा भई वसन्तपुर टोल विकास नाला निर्माण हुन गएकोले सच्याई देउती छरछरे खानेपानी भवन देखि देउती सामुदायिक वन भवनसम्मको अधुरो नाला निर्माण कायम गरिएको छ ।

**निर्णय नं. ४:** तपसिल अनुसारको सडक खर्च भुक्तानी दिने निर्णय गरियो ।

क) वडा नं. २ मा वर्षातको कारण सडकहरु भत्किई, बिग्रीई अवरुद्ध भएकोले तुरुन्तै मर्मत गर्नुपर्ने भई दशैं, तिहार चाडपर्व लगायत विभिन्न समयमा मर्मत गरिएको र सो बापत लागेको खर्च रु. ८,७९,१२२/- (अक्षरुपी आठ लाख उनासी हजार एक सय बाईस रुपैया मात्र) सुमि स्यारोन कन्स्ट्रक्सन प्रा.लि.लाई भुक्तानी दिने ।

**निर्णय नं. ५:** कृषि र गैरकृषि जग्गाको विवरण वर्गिकरण गरि पठाइदिन वडा कार्यालयहरुलाई पत्राचार गरिएकोमा हालसम्म प्राप्त नभएकोले यथाशिघ्र विवरण तयार गरी पठाइदिन वडा समिति तथा वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६:** देवघाट गाउँपालिका क्षेत्रको नीजि जग्गाबाट माटो, ढुङ्गा, मिस्कट आदी उत्खनन तथा संकलनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७८ प्रथम संशोधन २०७९ स्वीकृत गरियो ।

**निर्णय नं. ७:** तपसिल अनुसारका आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने निर्णय गरियो र उपलब्ध श्रोत साधन तथा प्रदेश संघीय सरकारको सहयोग, सहलगानीमा क्रमश: निर्माण कार्य गर्दै जाने निर्णय गरियो ।

तपसिल:

क) वडा नं. १ का खेतियोग्य जमिनको लागि सिंचाई गर्नको लागि सिंचाई आयोजना,
ख) वडा नं. ५ दासढुङ्गा पुलदेखि वेणीसंगमसम्मको पद मार्ग निर्माण आयोजना,
ग) वडा नं. ५ कालीमाटी – भुवनटारघाट सडक कालोपत्रे (पिच) गर्ने आयोजना,
घ) वडा नं. ५ बद्रिमुक्ती टोल देखि ठिमुरा पुलको मुख सम्मको सडक कालोपत्रे (पिच) गर्ने आयोजना,
ङ) अन्य उपयुक्त आयोजनाको सम्भावना भएमा सम्भाव्यता अध्ययन गरिएका अन्य आयोजनाहरु,
च) देवघाट सार्वजनिक पुस्तकालय भवन निर्माण आयोजना ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. ८:** गाउँपालिका राष्ट्रिय महासंघलाई सदस्यता शुल्क बापत प्रतिवर्ष बुझाउनुपर्ने रु. २०,०००/- (बिस हजार रुपैया) र अधिवेशन प्रवेश शुल्क रु. १०,०००/- (दश हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** गण्डकी प्रदेश सरकारको "स्थानीय सेवाको गठन सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको अध्यादेश २०७९" अनुसार बढुवा सूचना प्रकाशन गर्न निर्वाचन आयोगको आचारसंहिताको कारण प्रकाशन गर्न नसकिएकोमा हाल निर्वाचन सम्पन्न भएकोले सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:** गाउँपालिका क्षेत्रमा चोरी निकासी तथा नकारात्मक गतिविधि रोक्नको लागि त्यस्तो गतिविधि गर्ने व्यक्ति, फर्म, कम्पनीको तर्फबाट प्रयोग भएका सवारी साधन, मेशिन, औजार नियन्त्रणमा लिएमा वा पक्राउ गरेमा इलाका प्रहरी कार्यालय देवघाटका प्रहरीलाई बरामद भएको सामानको मूल्यको २० (बिस) प्रतिशत बराबरको रकम प्रोत्साहन स्वरुप भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११:** आ.व. २०७९/०८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार आयोजना स्वीकृत गरियो ।

**निर्णय नं. १२:** तालिम शिर्षकबाट खर्च गर्ने गरी नीजि संघ-संस्था, कम्पनीमा पशु स्वास्थ्यकर्मी १ जनालाई कृत्रिम गर्भाधान तालिम लिनको लागि कार्यपालिकाको कार्यालयले मनोनयन गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३:** गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि रविना अविशा जे.भि. (ठेकेदार पक्ष) ले निवेदन दिएकोमा भवन निर्माणको लागि शुरुमै पर्याप्त समय राखिएको भएतापनि काममा ढिलाई भएको निज ठेकेदार पक्षको अनुरोधमा एक पटकको लागि विना जरिवाना ६ महिनाको लागि म्याद थप गरिएको भएतापनि निर्माण कार्य सम्पन्न भइनसकेकोले पुनः ३ महिना विना जरिवाना म्याद थप गर्ने र त्यसपछि पनि काम सम्पन्न नभएमा जरिवाना अनुसार लिक्विडिटी ड्यामेज (Liquidity Damage) समय शुरु हुने निर्णय गरियो ।

**निर्णय नं. १४:** SEE परीक्षा नजिकिदै गरेको अवस्थामा SEE दिने विद्यार्थीहरुको लागि अतिरिक्त कक्षा सञ्चालन गर्नको लागि गाउँ सभाबाट विनियोजित शिक्षा क्षेत्रको शिक्षमा प्रोत्साहन शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** विद्यालयहरुमा महिला शिक्षक सुत्केरी बिदामा बस्नु पर्ने अवस्थामा अन्य विद्यालयबाट काजमा लिई वा सट्टा शिक्षक राख्ने वा विद्यालयले आफ्नो श्रोतबाट सुत्केरी बिदाको अवधिभर शिक्षक करारमा लिने मध्ये उपयुक्त विकल्पबाट पठनपाठनको व्यवस्था मिलाउनु पर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:** संघीय सरकार खानेपानी तथा ढल व्यवस्थापन विभागबाट प्रस्ताव गरिएको तथा प्रयोगमा ल्याएको "स्थानीय तहका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (WASH MIS) मार्गदर्शन" स्वीकृत गरियो ।

**निर्णय नं. १७:** तपसिल अनुसारका व्यक्तिहरुलाई उपचारको लागि आर्थिक सहयोग स्वरुप रकम भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

१. वडा नं. १ गुन बहादुर गुरुङको छोरी मुटु रोगी रु. १०,०००/- (दश हजार)

**रमेश सुवेदी**
प्रमुख प्रशासकीय अधिकृत

**तिल बहादुर थापा**
अध्यक्ष

२. वडा नं. २ विर बहादुर आले मुटु रोगी रु. १०,०००/- (दश हजार)

**निर्णय नं. १८:** साउने-कर्तप सडक स्तरोन्नती तथा नयाँ ट्र्याक खोल्ने आयोजनाको लागि प्रदेश सरकारबाट रु. ५०,००,०००/- प्राप्त भएको र गाउँपालिकाको भैपरी शिर्षकबाट रु. २०,००,०००/- गरी रु. ७०,००,०००/- (सत्तरी लाख) को इष्टिमेट गरी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. १९:** देवघाट गाउँपालिकाको कर्मचारीहरुको सुविधा सम्बन्धि व्यवस्था कार्यविधि, २०७५ को दफा १५ बमोजिम कर्मचारी कल्याण कोषमा रकम जम्मा भएकोमा गाउँ सभा दशौं अधिवेशनको निर्णय, मिति २०७९/०६/०५ को कार्यपालिकाको निर्णय तथा देवघाट गाउँपालिकाको कार्य सञ्चालन कार्यविधि, २०७९ को दफा २६ बमोजिम कर्मचारी कल्याण कोषमा जम्मा भएको रकम र दशौँ गाउँ सभाबाट थप विनियोजन भएको रकमबाट अवकाश भएका कर्मचारीहरुलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २०:** वडा नं. ४ मा पर्ने सिंच्याङ्ग-सार्वाङ्ग सडक निर्माण आयोजनाको लागि जरिवाना नलिई २ महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१:** नगर प्रहरीको पदपूर्ति प्रक्रिया शुरु भई नतिजा प्राप्त भएको तर संघीय र प्रदेश तह निर्वाचन आचारसंहिता शुरु भएकोले अन्तर्वार्ता रोकिएकोमा हाल आचारसंहिता हटेकोले पदपूर्तिको बाँकी काम पुरा गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:** गलेश्वर आश्रमले भोगचलन तथा संरक्षण गरी आएको सार्वजनिक/ऐलानी जग्गामा गलेश्वर आश्रमले सञ्चालन गर्ने वेद वेदाङ्ग संस्कृत विद्यालयको भवन निर्माण गर्न लागेकोले उक्त भवनको नक्शा पास तथा अभिलेखिकरण गरिदिने निर्णय गरियो । साथै अन्य संस्कृत र सामुदायिक विद्यालयहरुको पनि विद्यालय भवनको नक्शा पाश तथा अभिलेखिकरण गरिदिने निर्णय गरियो ।

**निर्णय नं. २३:** इलाका प्रहरी कार्यालय देवघाट तनहुँले बा १ झ ७४३३ नं. को टाटा टेल्कोलाईन पिक अप गाडी मर्मत गरिदिन निवेदन दिएको गाउँपालिकाको आपराधिक गतिविधि नियन्त्रण तथा चोरी निकासी नियन्त्रणको लागि गाडी चालु हालतमा राख्न मर्मत इष्टिमेट अनुसार मर्मत शिर्षकबाट मर्मत गरिदिने निर्णय गरियो ।

**निर्णय नं. २४:** गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा रहेकोमा संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गरी सिफारिस गर्नको लागि तपसिल अनुसारको संगठन संरचना तथा दरबन्दी पुनरावलोकन सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. आर्थिक विकास समिति संयोजक श्री पूर्ण बहादुर कुँवर - संयोजक
२. गा.पा. अध्यक्षले तोकेको कार्यपालिका सदस्य - सदस्य
३. लेखा अधिकृत श्री उमानाथ ढकाल - सदस्य
४. आर्थिक विकाश शाखा प्रमुख - सदस्य
५. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

**निर्णय नं. २५:** गाउँपालिका क्षेत्रमा दर्ता हुने आस्फाल, रेडिमिक्स जस्ता अन्य वातावरणमा प्रभाव पार्ने उद्योग दर्ताको लागि दर्ता शुल्क रु. ५०,०००/- (पचास हजार) र नविकरण दस्तुर प्रतिवर्ष रु. २०,०००/- (बिस हजार) लिने निर्णय गरियो । दर्ता नगरी सञ्चालनमा रहेमा थप जरिवाना लिने निर्णय गरियो ।

**निर्णय नं. २६:** देवघाट गाउँपालिका क्षेत्रका नीजि, ऐलानी, सार्वजनिक जग्गामा हालसम्म निर्माण भएका सार्वजनिक प्रयोजनका आश्रम, मठ-मन्दिर, गुम्बा, चर्च लगायत ऐतिहासिक, साँस्कृतिक, धार्मिक प्रकृतिका संस्था तथा सो को भौतिक संरचना गाउँपालिकामा सुचिकृत गर्ने र सूचिकृत दस्तुर संरचनाको आधारमा लिने निर्णय गरियो ।

**निर्णय नं. २७:** गाउँपालिकामा वातावरण निरीक्षकको दरबन्दी नरहेको तर विभिन्न वातावरणीय प्रभाव पर्ने कामको सिफारिस गर्ने लगायतको कामको लागि वातावरण निरीक्षकको आवश्यक पर्ने भएकोले वातावरण निरीक्षकको उपस्थिति आवश्यक पर्ने कामको वैठक बस्ने दिन वैठक भत्ता, यातायात खर्च तथा खाना खाजा खर्च उपलब्ध गराउने गरी एक जना वातावरण निरीक्षकसँग सम्झौता गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष